बिर्तामोड नगरपालिका

स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड ७ | संख्या १ | मिति २०८३/०३/११ |

भाग -२

बिर्तामोड नगरपालिका

# *बिर्तामोड नगरपालिका, संस्थागत विद्यालय स्तरीकरण मापदण्ड कार्यविधि, २०८३"*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद - १५ विविधको दफा १०२ अनुसार बिर्तामोड नगरपालिकाको शिक्षा ऐन २०७९ (संशोधन सहित) को परिच्छेद - १५, दफा १०१ मा व्यवस्था भए बमोजिम विद्यालय स्तरीकरण गरी संस्थागत विद्यालयको प्रारम्भिक बाल शिक्षा केन्द्र, आधारभूत र माध्यमिक शिक्षालाई व्यवस्थित र जवाफदेही बनाउन वान्छनीय भएकोले, बिर्तामोड नगरपालिकाको शिक्षा ऐन २०७९ (संशोधन सहित) दफा १२३ को अधिकार प्रयोग गरी बिर्तामोड नगर कार्यपालिकाले यो संस्थागत **"विद्यालय स्तरीकरण मापदण्ड कार्यविधि २०८३"** तयार गरी लागु गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ (१) यो मापदण्डको नाम " संस्थागत **विद्यालय स्तरीकरण मापदण्ड कार्यविधि २०८३** " रहेको छ ।

(२) यो मापदण्ड बिर्तामोड नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो मापदण्ड बिर्तामोड नगर कार्यपालिकाले स्वीकृति गरेपछि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) "ऐन" भन्नाले बिर्तामोड नगरपालिकाको शिक्षा ऐन २०७९ (संशोधन सहित) सम्झनुपर्छ ।

(ख) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको नगरपालिका सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले बिर्तामोड नगरपालिका कार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(च) " शाखा प्रमुख " भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(छ) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "प्रधानाध्यापक" भन्नाले दफा ५४ को उपदफा १६ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनुपर्छ ।

(झ)"प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि ऐनको दफा ४३ बमोजिम खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, पूर्व प्राथमिक कक्षा आदि सम्झनुपर्छ ।

(ञ) "व्यवस्थापन समिति" भन्नाले ऐनको दफा २७ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ट) "मन्त्रालय" भन्नाले संधिय/प्रदेश/ शिक्षा हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ड) "शाखा" भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद हेर्ने शाखालाई सम्झनुपर्छ ।

(ढ) "नगर शिक्षा समिति" भन्नाले ऐनको दफा २५ अनुसार गठन भएको समिति सम्झनुपर्छ ।

(ण) "शुल्क" भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनुपर्छ ।

(त) "शैक्षिक गुठी" भन्नाले ऐनको दफा ११ बमोजिम विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(थ) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनुपर्छ ।

(द) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा ८ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ध) "माध्यमिक शिक्षा" भन्नाले कक्षा बाल शिक्षा देखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(न) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(प) "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा संचालन गर्ने गरी अनुमति पाई स्थापित विद्यालयलाई सम्झनुपर्छ ।

(फ) विद्यालय स्तरीकरण भन्नाले बिर्तामोड नगरपालिकाको शिक्षा ऐन २०७९ (संशोधन सहित) को परिच्छेद १५ दफा १०१ बमोजिमको विद्यालय बर्गीकरण सम्झनु पर्दछ ।

## परिच्छेद २
## कार्यक्रमको लक्ष्य तथा उद्देश्यहरु

यस विद्यालय स्तरीकरण कार्यक्रमका लक्ष्य तथा उद्देश्य देहाय बमोजिम हुनेछ ।

२.१ विद्यालयको स्तर पहिचान, सो विद्यालयले प्रदान गर्ने सेवाको सुनिश्चितता निर्धारण गर्नु ।

२.२ स्तर निर्धारणका कारण सेवा सुविधाको आधारमा शुल्क निर्धारणमा सहजता ल्याउनु ।

२.३ विद्यालयले दिने सेवा तथा गुणस्तरको पहिचान गर्नु ।

## परिच्छेद ३
## अनुगमन तथा मूल्याङ्कन

३.१ विद्यालय स्तरीकरण कार्यक्रम कार्यान्वयनको लागि देहायका व्यक्तिहरु रहेको २ सदस्यीय विद्यालय स्तरीकरण अनुगमन तथा मूल्याङ्कनकर्ता परिचालन गरिनेछ ।

क) शाखा प्रमुखले तोकेको शाखा अधिकृत/वि.नि/शिक्षा अधिकृत

ख) विद्यालय स्तरीकरणसँग सम्बन्धित विषयको विज्ञ

३.२ अनुगमन तथा मूल्याङ्कन कार्यमा आवश्यकता रहेमा नगरपालिकाका अधिकृत कर्मचारी तथा नगर शिक्षा समितिका सदस्य समेत खटाउन सकिनेछ ।

३.३ नियम १ बमोजिमका अनुगमन तथा मूल्याङ्कनकर्ताले हरेक विद्यालयको स्थलगत अवलोकनसहित अनुगमन गरी विद्यालयबाट स्व-मूल्याङ्कन गरी शाखामा प्राप्त स्तरीकरण फाराममा प्राप्त प्राप्ताङ्क अध्ययन गर्ने, फरक पाइएमा हेरफेर समेत गरी प्रमाणिकरण गर्नु पर्नेछ ।

३.४ विद्यालय स्तरीकरण वा बर्गीकरणको लागि नगर अनुगमन तथा मूल्याङ्कन समिति देहाय अनुसार हुनेछ ।

| | |
|---|---|
| क) शाखा प्रमुख | संयोजक |
| ख) नगर शिक्षा समितिका सदस्यहरुमध्येबाट नगर शिक्षा समितिले तोकेको सदस्य १ जना | सदस्य |
| ग) शिक्षक महासंघ प्रतिनिधि १ जना | सदस्य |
| घ) संस्थागत विद्यालयका संस्थापक/प्रधानाध्यापकहरु मध्येबाट समितिले मनोनित गरेको १ जना | सदस्य |
| ङ ) प्याब्सन नगर अध्यक्ष १ जना | सदस्य |
| च) शाखा प्रमुखले तोकेको विषय विज्ञ १ जना | सदस्य |
| छ) शाखाको अधिकृत कर्मचारी | सदस्य सचिव |

## परिच्छेद ४
## कार्यक्रम कार्यान्वयन प्रकृया

४.१ स्विकृत विद्यालय स्तरीकरण मापदण्ड कार्यविधि २०८३ को अनुसूची १ र २ मा उल्लेखित संस्थागत विद्यालय स्तरीकरण फाराम (सूचक र भार सहितको) तयार गर्ने ।

४.२ उल्लेखित फाराम विद्यालयहरुलाई उपलब्ध गराइ स्वयं विद्यालयलाई मूल्याङ्कन गर्न दिइनेछ र मूल्याङकन पश्चात तोकिएको समयमा नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्ने ।

४.३ पेश भएको मूल्याङ्कन फाराम ठीक भए नभएको जाँचबुझको लागि परिच्छेद ३.१ को विद्यालय स्तरीकरण अनुगमन तथा मूल्याङ्कनकर्ताले विद्यालय अनुगमन तथा मूल्याङ्कन गरी नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नेछ ।

४.४ परिच्छेद ३.१ को विद्यालय स्तरीकरण अनुगमन तथा मूल्याङ्कनकर्ताले पेश गरेको स्तरीकरण फारामको आधारमा परिच्छेद ३.४ को नगर अनुगमन तथा मूल्याङ्कन समितिले आवश्यकता ठानेमा विज्ञसमेतको सहयोगमा समष्टिगत मूल्याङ्कन तयार गर्न जिम्मेवारी दिन सक्नेछ ।

४.५ तयार भएको समष्टिगत मूल्याङ्कन शिक्षा, युवा तथा खेलकुद शाखाले नगर शिक्षा समितिमा पेश गर्नेछ ।

४.६ बिर्तामोड नगरपालिकाको शिक्षा ऐन २०७९ को दफा १०१ तथा संघीय शिक्षा ऐन एवम् शिक्षा नियमावली २०५९ (नवौ संशोधन सहित) को परिच्छेद २४ नियम १४५ बमोजिम विद्यालय बर्गीकरणको आधारमा नगर शिक्षा समितिले निर्णय गरे अनुसार हुनेछ ।

४.७ नगर शिक्षा समितिले गरेको निर्णयको आधारमा विद्यालय बर्गीकरणको प्रमाण पत्र शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखले सम्वन्धित विद्यालयलाइ दिनेछ ।

४.८ अनुसूची १ बमोजिम प्राप्ताङ्कको आधारमा बर्गीकरण/स्तरीकरण मापदण्ड देहाय अनसार हुनेछ

- ८५ प्रतिशत वा सो भन्दा माथि अंक प्राप्त गर्ने क श्रेणी
- ७० प्रतिशत भन्दा माथि र ८५ प्रतिशत भन्दा तल अंक प्राप्त गर्ने ख श्रेणी
- ५० प्रतिशत भन्दा माथि र ७० प्रतिशत भन्दा तल अंक प्राप्त गर्ने ग श्रेणी
- ५० प्रतिशत भन्दा तल अंकप्राप्त गर्ने घ श्रेणी

## परिच्छेद ५
## विविध

५.१. लक्षित समुह : यो मापदण्ड बिर्तामोड नगरपालकिा भित्र सञ्चालनमा रहेका सबै पूर्व प्राथमिक कक्षा र सस्थागत विद्यालयको स्तरीकरण कार्यमा लागु हुनेछ ।

५.२. विद्यालय स्तरीकरणको पुनरावलोकनः

५.२.१ शाखाले प्रत्येक ५ वर्षमा सूचना प्रकाशन गरी विद्यालय स्तरीकरणको पुनरावलोकन गर्न सक्नेछ ।

५.२.२ कुनै विद्यालयले यो मापदण्ड बमोजिम स्तरीकरण प्रमाणपत्र पाएको मितिले २ वर्ष पछि पुनरावलोकन गर्न निवेदन दिएमा सोसम्बन्धी लागत विद्यालयले व्यहोर्ने शर्तमा शाखाले पुनरावलोकन गर्न सक्नेछ ।

५.२.३ घ वर्गमा परेका विद्यालयले कम्तिमा १ वर्षभित्रमा न्यूनतम मापदण्ड पूरा गरी माथिल्लो वर्गमा जानको लागि शाखामा निवेदन दिन सक्ने छ ।

५.३ मापदण्ड बनाउने अधिकार : विद्यालय स्तरीकरण मापदण्ड कार्यविधि २०८३ बिर्तामोड नगरपालिका नगरकार्यपालिकाको बैठकले पास गरे पछि लागू हुनेछ ।

५.४ बाधा अड्काउ हटाउने अधिकार : यो मापदण्डको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा बिर्तामोड नगर कार्यपालिका बैठकको निर्णय अनुसार स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी आदेश दिन सक्नेछ र त्यस्तो आदेश यसै मापदण्डमा परे सरह मानिनेछ । यस विद्यालय स्तरीकरण मापदण्ड कार्यविधि सम्वन्धमा यस अघि प्रमाणीकरण गरिएको विद्यालय स्तरीकरण यो कार्यक्रम कार्यान्वयन भइ सम्पन्न भए पछि स्वत रद्द हुनेछ ।

५.५ बचाउ र लागू नहुने : यो मापदण्ड अन्तरगत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

अनुसूची १

बिर्तामोड नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा झापा

संस्थागत विद्यालय स्तरीकरण फाराम २०८३

**विद्यालयको नाम :**

**विद्यालय IEMIS कोड नं :** **वडा नं :** **टोल :** **घर नं :**

**विद्यालयको फोन नं :** **विद्यालयको इमेल :**

**संस्थापकका/प्रिन्सिपले नाम :** **सम्पर्क नं :** **इमेल :**

**पहिला कुन श्रेणीमा रहेको (तत्कालिन जि. शि.काको पत्रानुसार) :** **पूर्णाङ्क : १००**

| सूचकहरु | | अंक | उपयुक्त स्थानमा विद्यालयले ठीक चिन्ह लगाउने | विद्यालय स्तरीकरण अनुगमन तथा मूल्याङ्कन समितिले उपयुक्त स्थानमा ठीक चिन्ह लगाउने |
|---|---|---|---|---|
| विषय क्षेत्र | | | | |
| सि. नं | भौतिक तथा शैक्षिक सुविधा | | | |
| १ | कक्षाकोठा | | | |
| १.१ | कक्षाकोठाको उपयुक्तता | २.० | | |
| | क) ७५ प्रतिशत भन्दा माथि कक्षाकोठाहरु उपयुक्त साईजका भएको | २.० | | |
| | ख) ७५ प्रतिशत कक्षाकोठाहरु उपयुक्त साईजका भएको | १.४ | | |
| | ग) ५० प्रतिशत कक्षाकोठाहरु उपयुक्त साईजका भएका | ०.८ | | |

| | | | | |
|---|---|---|---|---|
| १.२ | **कक्षाकोठाको अवस्था** | १.० | | |
| | क) सबै पक्की एवं पूर्ण मर्मत भएको एवं अपाङ्गमैत्री अभ्यास भएको | १.० | | |
| | ख) कच्ची पक्की मिश्रित | ०.७ | | |
| | ग) सबै कच्ची | ०.४ | | |
| १.३ | **कक्षाकोठामा हावा खेल्न सक्ने अवस्था** | १.० | | |
| | क) दोहोरो हावा खेल्ने तथा आवश्यकता अनुरुप खोल्न र लगाउन मिल्ने झ्याल ढोका भएको | १.० | | |
| | ख) आवश्यकता अनुसार खोल्न र लगाउन मिल्ने झ्याल ढोका भएको | ०.७ | | |
| | ग) सामान्य झ्याल र भेन्टीलेसन भएको | ०.४ | | |
| २ | **डेस्क बेन्चको पर्याप्तता** | १.० | | |
| | क) पर्याप्त र आवश्यकता अनुरुप बसाई मिलाउन सकिने (४ फिट लम्बाइमा २ जना मात्र) | १.० | | |
| | ख) पर्याप्त र उपयुक्त साईजको | ०.७ | | |
| | ग) पर्याप्त | ०.४ | | |
| ३ | **शौचालय उपलब्धता** | १.५ | | |
| | क) छात्र छात्रा (प्रत्येक ७० जना विद्यार्थीका लागि १) र शिक्षकको लागि धारा/पानी/सेनीटरी प्याडको व्यवस्था सहित कम्तीमा २ वटा छुट्टा छुट्टै शौचालय र प्रत्येक थप ५० जना विद्यार्थीका लागि कम्पाटमेन्ट थप | १.५ | | |
| | ख) शिक्षक तथा छात्र छात्राका लागि छुट्टै शौचालयको व्यवस्था | १ | | |
| | ग)सामुहिक शौचालय | ०.६ | | |
| ४ | **खानेपानी व्यवस्था** | १.५ | | |
| | क) पर्याप्त एवं शुद्ध खानेपानीको व्यवस्था भएको (फिल्टर र यूरोगार्डको प्रयोग भएको) | १.५ | | |
| | ख) विद्यार्थी संख्याको आधारमा पर्याप्त धाराहरुको व्यवस्था गरिएको | १ | | |
| | ग) विद्यालयभित्रै खानेपानीको व्यवस्था सामान्य रुपमा भएको | ०.६ | | |
| ५ | **पुस्तकालय व्यवस्था** | | | |
| ५.१ | **पुस्तकालय व्यवस्थापन** | १.५ | | |
| | क) पाठ्यक्रम, पाठ्यपुस्तक शिक्षक निर्देशिकासहितको १ जना विद्यार्थी बराबर २ थान पाठ्यपुस्तक उपलब्ध हुने र ई-लाईब्रेरी सहित त्यसको प्रयोगसमेत हुने गरेको | १.५ | | |
| | ख) कम्तीमा १५ जना विद्यार्थी बसेर पढ्न सक्ने छुट्टै पुस्तकालय कोठाको व्यवस्था भई प्रयोग समेत गरिएको | १ | | |
| | ग) सो संख्याभन्दा कम र कहिलेकाही मात्र प्रयोग गरेको | ०.६ | | |
| ५.२ | **प्राथमिक तहमा बुक कर्नरको व्यवस्था** | १.५ | | |
| | क) बुक कर्नर व्यवस्थित भई निरन्तर प्रयोग गरिएको | १.५ | | |
| | ख) बुक कर्नर भई प्रयोग समेत भएको | १ | | |
| | ग) बुक कर्नरको व्यवस्था भएको | ०.६ | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | **कक्षाकोठाको आकर्षण** | २.० | | |
| | क) कक्षाकोठाको आकर्षण हुनुको साथै शिक्षक तथा विद्यार्थीहरुद्वारा निर्मित शैक्षिक सामग्रीहरु व्यवस्थित रुपमा सजाईएको र तिनको शिक्षण सिकाइमा समेत प्रयोग गरिएको | २.० | | |
| | ख) कक्षाकोठा रङरोगन गर्नुका अतिरिक्त विद्यार्थीहरुद्वारा निर्मित सामग्रीहरुसमेत प्रदर्शन गरिएको | १.४ | | |
| | ग) कक्षाकोठा रङरोगन गरी आकर्षक बनाईएको | ०.८ | | |
| ७ | **खेलमैदानको व्यवस्था** | १.५ | | |
| | क) भलिबल खेल्न मिल्ने खेलमैदानका अतिरिक्त सम्पूर्ण विद्यार्थी एकैसाथ उभिन सक्ने खेलमैदानको व्यवस्था भएमा | १.५ | | |
| | ख) भलिबल खेल्न मिल्ने खेलमैदान भएको तर आधा विद्यार्थी एकैसाथ | १ | | |

| | | | | |
|---|---|---|---|---|
| | उभिन सक्ने खेलमैदानको व्यवस्था भएमा | | | |
| | ग) खेल मैदान भएको तर उपयुक्त नभएको | ०.६ | | |
| ८ | **कक्षा शिक्षक अनुपात** | १.५ | | |
| | क) १: १५ देखी २२ सम्म भएमा | १.५ | | |
| | ख) १:१२ देखि १४ सम्म भएमा | १ | | |
| | ग) सोभन्दा कम भएमा | ०.६ | | |
| ९ | **प्राथमिक उपचारको व्यवस्था** | १.५ | | |
| | क) छुट्टै कोठा र आवश्यक सामग्री स्वास्थ्यकर्मी सहित महिनामा एक पटक सबै विद्यार्थीको सामान्य स्वास्थ्य परीक्षण गराउने व्यवस्था गरिएको | १.५ | | |
| | ख) छुट्टै कोठा र आवश्यक सामग्री स्वास्थ्यकर्मी सहितको व्यवस्था भई सञ्चालन गर्ने गरिएको | १ | | |
| | ग) सामान्य उपचार सामग्री व्यवस्था भएको र सञ्चालनमा रहेको | ०.६ | | |
| १० | **छात्रवृत्ति** | | | |
| १०.१ | **छात्रवृत्तिका लागि विद्यार्थी छनौट प्रक्रिया** | १.५ | | |
| | क) छात्रवृत्ति छनौट प्रक्रियामा स्थानीय आवश्यकता अनुसारको उपयुक्त आधारहरु तयार गरी पारदर्शी रुपमा छनौट गरिएको | १.५ | | |
| | ख) छात्रवृत्ति वितरणका आधारहरु सार्वजनिक गरी छात्रवृत्तिका लागि विद्यार्थी छनौट गरिएको | १ | | |
| | ग) तोकिएको मापदण्ड अनुसार विद्यार्थी छनौट गरिएको | ०.६ | | |
| १०.२ | **छात्रवृत्ति वितरण/उपलब्ध** | १.५ | | |
| | क) प्राप्त छात्रवृत्तिका अतिरिक्त विद्यालयले आफ्नै स्रोतबाट समेत छात्रवृत्तिको व्यवस्था गरी वितरित छात्रवृत्तिको प्रभाव समीक्षा गरिएको | १.५ | | |
| | ख) प्राप्त छात्रवृत्तिका अतिरिक्त विद्यालयले आफ्नै स्रोतबाट समेत छात्रवृत्तिको व्यवस्था गरी तोकिएको समयमा वितरण हुने गरेको | १ | | |
| | ग) तोकिएको प्रतिशतमा सबै छात्रवृत्ति सम्बन्धित विद्यार्थीलाई वितरण गरिएको | ०.६ | | |
| ११ | **विज्ञान प्रयोगशाला** | २.० | | |
| | क) छुट्टै विज्ञान प्रयोगशालाको व्यवस्था भई नियमित प्रयोगमा आउने | २.० | | |
| | ख) छुट्टै विज्ञान प्रयोगशालाको व्यवस्था भई हप्तामा ३ दिन मात्र प्रयोगमा आउने | १.४ | | |
| | ग) प्रयोगशालाको व्यवस्था भएको तर पर्याप्त साधन र नियमित प्रयोगमा नआउने | ०.८ | | |
| १२ | **कम्प्युटर शिक्षा** | १.० | | |
| | क) कम्तीमा १५ वटा कम्प्युटर भई  कम्प्युटर ल्यावमा नै इन्टरनेट नेटवर्किङ सहित कम्प्युटर कक्षा सञ्चालन गरिएको | १.० | | |
| | ख) कम्तीमा ५ वटा कम्प्युटर भई  कम्प्युटर ल्यावमा नै इन्टरनेट नेटवर्किङ सहित कम्प्युटर कक्षा सञ्चालन गरिएको | ०.७ | | |
| | ग) सैद्धान्तिक र प्रयोगात्मक कक्षाहरु फरक फरक कोठामा अध्यापन गरेको | ०.४ | | |
| १३ | **सभाकक्षको व्यवस्था र प्रयोग** | १.५ | | |
| | क) उपयुक्त व्यवस्थापनसहित सभाकक्षको नियमित प्रयोग हुने | १.५ | | |
| | ख) सभाकक्षको सामान्य प्रयोग हुने गरेको | १ | | |
| | ग) सभाकक्ष भएर पनि प्रयोगमा नल्याईएको | ०.६ | | |
| १४ | **सेवा कक्षा (फोन, फ्याक्स, इमेल आदि)** | १.५ | | |
| | क) छुट्टै  सेवा कक्षा भए, विद्यार्थीहरुले समेत प्रयोग गर्न पाउने भए | १.५ | | |
| | ख) प्रशासनिक कक्षबाट सेवा प्रवाह हुने भए | १ | | |
| | ग) बाह्य संस्थाबाट सेवा लिने भए | ०.६ | | |

| | | | | |
|---|---|---|---|---|
| १५ | **अतिरिक्त क्रियाकलाप कक्ष** | २.० | | |
| | क) खेलकुदका आवश्यक सामग्रीहरुको व्यवस्थासहित अतिरिक्त क्रियाकलाप नियमित तथा शिक्षण सिकाइको अभिन्न अङ्गका रुपमा सञ्चालन गरेको | २.० | | |
| | ख) खेलकुदका अतिरिक्त अन्य सहक्रियाकलाप पनि सञ्चालन गर्ने गरेको | १.४ | | |
| | ग) वार्षिक कार्यक्रम सहित खेलकुदको व्यवस्था गरेको | ०.८ | | |
| १६ | **शिक्षक व्यवस्थापन** | | | |
| १६.१ | **शिक्षक नियुक्ति एवं अभिलेख व्यवस्थापन** | १.५ | | |
| | क) नियमानुसारको संख्या तथा योग्यता प्राप्त एवं विषयगत शिक्षकको नियुक्ति गरी अभिलेख दुरुस्त राखिएको | १.५ | | |
| | ख) विषयगत शिक्षक नियुक्त गरी अभिलेख राखिएको | १ | | |
| | ग) शिक्षकको नियुक्ति मौखिक वा समझदारीमा राख्ने गरिएको | ०.६ | | |
| १६.२ | **शिक्षकको तलब तथा अन्य सुविधा** | १.५ | | |
| | क) ऐनले तोकेको स्केलसहित अन्य सुविधा दिइएको | १.५ | | |
| | ख) ऐनले तोकेको स्केल मात्र उपलब्ध गराइएको | १ | | |
| | ग) ऐनले तोकेको स्केलसमेत उपलब्ध नगराइएको | ०.६ | | |
| १७ | **पारदर्शिता र उत्तरदायित्व** | | | |
| १७.१ | **मासिक शुल्क बाहेक उठाईने अन्य शुल्कहरु तोकिएको शीर्षकमा खर्चसम्बन्धी व्यवस्था** | २.० | | |
| | क) सम्पूर्ण रकम तोकिएकै शीर्षकमा खर्च हुने गरेको | २.० | | |
| | ख) ७०% देखि ८०% तोकिएकै शीर्षकमा खर्च हुने गरेको | १.४ | | |
| | ग) सोभन्दा कम तोकिएकै शीर्षकमा खर्च हुने गरेको | ०.८ | | |
| १७.२ | **विद्यालयको आम्दानी खर्चको पारदर्शिता** | १.५ | | |
| | क) विद्यालयको आम्दानी खर्चको विवरण वि.व्य.स र शिक्षक अभिभावक संघमा पेश गर्ने गरेको | १.५ | | |
| | ख) वि.व्य.स मा मात्र पेश गर्ने गरेको | १ | | |
| | ग) आम्दानी खर्चको अभिलेखमात्र राख्ने गरिएको | ०.६ | | |
| १७.३ | **विद्यालयको आम्दानी खर्चको विवरणसहितको सामाजिक परीक्षण** | २.० | | |
| | क) वार्षीक रुपमा लेखापरीक्षण गराइ कर चुक्ता प्रमाणपत्र लिइ अभिभावक भेलामा प्रस्तुत गरेको भए | २.० | | |
| | ख) वार्षीक रुपमा लेखापरीक्षण गराइ सूचना पाटीमा मात्र टास्ने गरेको भए | १.४ | | |
| | ग) आम्दानी खर्चको अर्धवार्षिक रुपमा सूचना पाटीमा टास्ने गरेको भए | ०.८ | | |
| १८ | **वि.व्य.स र शिक्षक अभिभावक संघको गठन बैठक र मापदण्ड** | १.५ | | |
| | क) वि.व्य.स र शिक्षक अभिभावक संघको गठन भई नियमित बैठक बस्ने गरेको | १.५ | | |
| | ख) वि.व्य.स मात्र गठन भई नियमित बैठक बस्ने गरेको | १ | | |
| | ग) वि.व्य.स गठन मात्र भएको | ०.६ | | |
| १९ | **विद्यालय हाता घेरावेरा** | १.५ | | |
| | क) पक्की पर्खालद्धारा विद्यालय हाता घेरावेरा भएको | १.५ | | |
| | ख) कच्ची पर्खालद्धारा विद्यालय हाता घेरावेरा भएको | १ | | |
| | ग) बाँस काठ तार आदिद्धारा सामान्य रुपमा विद्यालय हाता घेरावेरा भएको | ०.६ | | |
| २० | **कार्यरत शिक्षकहरुको लागि छोटो अवधिका तालिमको व्यवस्था** | १.५ | | |
| | क) कार्यरत सम्पूर्ण शिक्षकहरुलाई प्रत्येक शैक्षिक सत्रमा कम्तीमा एक पटक दिने गरेको भए | १.५ | | |

| | | | | |
|---|---|---|---|---|
| | ख) कार्यरत सम्पूर्ण शिक्षकहरुलाई प्रत्येक शैक्षिक सत्रमा कम्तीमा दुई तिहाईलाई एक पटक दिने गरेको भए | १ | | |
| | ग) सोभन्दा कम शिक्षकलाई दिने गरेको भए | ०.६ | | |
| २१ | **सवारी साधानको व्यवस्था र प्रयोग** | १.५ | | |
| | क) विद्यालयको आफ्नै सवारी साधन भई तोकिएको रंगमा प्रयोग गरेको भए | १.५ | | |
| | ख) विद्यालयले भाडामा लिई संकेत राखी प्रयोग गरेको भए | १ | | |
| | ग) तोकिएको संकेतविना आफ्नै वा भाडामा लिई प्रयोग गरेको भए | ०.६ | | |
| २२ | **अध्ययन भ्रमण र फिल्ड ट्रिप** | १.५ | | |
| | क) विषयबस्तुको प्रकृतिअनुरुप सिकाइलाई नियमित रुपमा अध्ययन भ्रमण वा फिल्ड ट्रिमसँग अन्तरसम्वन्धित गर्ने गरेको भए | १.५ | | |
| | ख) कहिले काही अध्ययन भ्रमण वा फिल्ड ट्रिप लाने गरेको भए | १ | | |
| | ग) शिक्षक तथा विद्यार्थीको मागअनुरुप अध्ययन भ्रमण वा फिल्ड ट्रिप लाने गरेको भए | ०.६ | | |
| २३ | **लैंगिक विभेद तथा समाहित शिक्षा** | २.० | | |
| | क) सामाहित शिक्षाको प्राप्ति भएको | २.० | | |
| | ख) सामाहित शिक्षाको थालनी गरी सकरात्मक विभेदको व्यवस्था | १.४ | | |
| | ग) छात्र छात्राबीच शैक्षिक अवसरमा विभेद नरहेको | ०.८ | | |
| २४ | **बालमैत्री वातावरण तथा दण्डरहित शिक्षाको व्यवस्था** | १.५ | | |
| | क) विद्यालयले बालमैत्री तथा दण्डरहित शिक्षाको व्यवस्थाका लाति विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गरेको | १.५ | | |
| | ख) विद्यालयले बालमैत्री तथा दण्डरहित शिक्षाका लागि शिक्षकलाई जानकारी गराई प्रयोगसमेत गर्ने गरेको | १ | | |
| | ग) विद्यालयले बालमैत्री तथा दण्डरहित शिक्षाका लागि शिक्षकलाई जानकारी मात्र गरेको | ०.६ | | |
| २५ | **विद्यालयमा अभिभावको संलग्नता** | १.५ | | |
| | क) स्वतः स्फूर्त रुपमा विद्यालयको विकास अतिरिक्त शिक्षण सिकाइ क्रियाकलाप समेत संलग्न हुने गरेको | १.५ | | |
| | ख) आमन्त्रण नगरी पनि विद्यालयमा आई विद्यालयको क्रियाकलापमा संलग्न हुने गरेको | १ | | |
| | ग) आमन्त्रण गरेपछि अभिभावक आउने गरेको | ०.६ | | |
| २६ | **विद्यालयका प्रकाशनहरु** | १.५ | | |
| | क) चौमासिक रुपमा प्रकाशन गरी विद्यार्थीहरुका लेखहरुलाई उचित प्राथमिकता दिने गरेको भए | १.५ | | |
| | ख) अर्धवार्षिक रुपमा प्रकाशन गरी विद्यार्थीहरुका लेखहरुलाई उचित प्राथमिकता दिने गरेको भए | १ | | |
| | ग) वार्षिक रुपमा प्रकाशन गरी विद्यार्थीहरुका लेखहरुलाई उचित प्राथमिकता दिने गरेको भए | ०.६ | | |

| | | | | |
|---|---|---|---|---|
| २७ | **शैक्षिक उपलब्धि स्तर** | २.० | | |
| | क) तहगत शैक्षिक उपलब्धि स्तर ८०% भन्दा माथि भएमा | २.० | | |
| | ख) तहगत शैक्षिक उपलब्धि स्तर ६०% देखि ७९% सम्म भएमा | १.४ | | |
| | ग) तहगत शैक्षिक उपलब्धि स्तर ६०% भन्दा कम भएमा | ०.८ | | |
| २८ | **परीक्षा प्रणालीमा सुधार** | २.० | | |
| | क) प्रश्नपत्र निर्माण गर्दा सम्वन्धित विद्यालयका विषय विशेषज्ञबाट निर्माण गराई विशिष्टीकरण तालिका अनुसार परीक्षणको लागि उत्तरकुञ्जिका बनाई सोहीअनुसार अंकन गरी संपरिक्षणसमेत गरी परीक्षाफलको विश्लेषण गरी | २.० | | |

| | | | | |
|---|---|---|---|---|
| | यसको उपयोगसमेत गर्ने गरेको । | | | |
| | ख) विषय शिक्षकबाट प्रश्नपत्र निर्माण गरी उपयुक्त किसिमले परीक्षा सञ्चालन गरी नतिजा विश्लेषण गर्ने गरेको | १.४ | | |
| | ग) सामान्य प्रक्रियाबाट परीक्षा सञ्चालन र नतिजा प्रकाशन हुने गरेको | ०.८ | | |
| ं२९ | **विद्यालयको विकासका लागि योजनावद्ध प्रयास :** | **१.५** | | |
| | क) विद्यालय विकासको स्पष्ट दृष्टिकोणसहित निर्धारित ढाँचामा लिखित रुपमा नै आवाधिक योजन बनाई प्रदर्शन र कार्ययोजनासहित कार्यान्वयनसमेत गर्ने गरेको भए | १.५ | | |
| | ख) विद्यालयको विकासको दृष्टिकोण निर्धारण गरी विकासको आवधिक कार्ययोजना बनाई प्रदर्शन गरी अगाडि बढेको भए | १ | | |
| | ग) प्राथमिकताक्रम निर्धारण गरी सुधारात्मक काम गर्ने गरेको भए | ०.६ | | |
| ३० | **विद्यालयले सञ्चालित नवप्रर्वतनात्मक क्रियाकलाप :** | **१.५** | | |
| | क) विद्यार्थी सिकाइलाई अन्तर सम्वन्धित गराई अध्ययन अनुसन्धान गर्दै शिक्षण प्रक्रियामा नयाँ प्रवर्तनात्मक कार्य सञ्चालन गरेको | १.५ | | |
| | ख) सिकाइ प्रक्रियामा नयाँपन ल्याउने प्रयास गरेको | १ | | |
| | ग) परम्परागत सिकाइ र नयाँ प्रक्रिया समिश्रण गरी नयाँपन ल्याउने प्रयास गरेको भए | ०.६ | | |
| ३१ | **शिक्षण सिकाइ प्रक्रिया :** | **१.५** | | |
| | क) शिक्षण प्रक्रियामा Multimedia/ OHP लगायतका प्रविधिमैत्री सामग्री प्रयोग गरी शिक्षण गर्ने गरेको | १.५ | | |
| | ख) शिक्षण वाहेकका अन्य अवस्थामा Multimedia/ OHP लगायतका प्रविधिमैत्री सामग्री प्रयोग गरी शिक्षण गर्ने गरेको | १ | | |
| | ग) Multimedia लगायतका प्रविधिमैत्री सामग्री वाहेक अन्य विधिको प्रयोग गरी शिक्षण गर्ने गरेको | ०.६ | | |
| ३२ | **विद्यालय परिसरको व्यवस्थापन** | | | |
| | **विद्यालय परिसरको प्रयोग** | **१.५** | | |
| | क) परिसर भित्र वृक्षरोपण, फुलबारी, करेसाबारको व्यवस्था भएको । सानो ठाउँ भएको अवस्थामा गमलाको व्यवस्था भएको र शिक्षण सिकाइमा उपयोग भएको । | १.५ | | |
| | ख) परिसर भित्र वृक्षरोपण फुलबारी तथा करेसाबारी भएको | १ | | |
| | ग) परिसर भित्र सामान्य रुपमा वृक्षरोपण, फुलबारी तथा करेसाबारी भएको | ०.६ | | |
| ३३ | **विद्यालयको नाममा रहेको जग्गा/ करारमा रहेको जग्गा** | **१.५** | | |
| | क) १ विगाह भन्दा बढी जग्गाको व्यवस्था भएको | १.५ | | |
| | ख) ८ कठ्ठा देखि १ विगाहसम्म जग्गा व्यवस्था भएको | १ | | |
| | ग) ३ कठ्ठा देखि ८ र कठ्ठासम्म जग्गाको व्यवस्था भएको | ०.६ | | |
| ३४ | **विद्यालयको नाममा रहेको जग्गाको उपयोग** | **१.५** | | |
| | क) अधिकतम आयलाई शिक्षा विकासका लागि उपयोग गर्ने गरेको | १.५ | | |
| | ख) आयआर्जनका लागि मात्र उपयोग गर्ने गरेको | १ | | |
| | ग) विद्यालय परिसरको रुपमा मात्र उपयोग गर्ने गरेको | ०.६ | | |
| ३५ | **सिकाइ उपलब्धी (सिकाइ उपलब्धि चार्टको प्रस्तुति)** | **२.०** | | |
| | क) कक्षागत, तहगत, विषयगत चार्ट प्रदर्शन गरिएको | २.० | | |
| | ख) कक्षागत, तहगत चार्ट प्रदर्शन गरिएको | १.४ | | |
| | ग) कक्षागत चार्ट प्रदर्शन गरिएको | ०.८ | | |
| ३६ | **प्रथम तथा विशिष्ट श्रेणीमा उत्तीर्ण हुने विद्यार्थीको संख्या (गत शैक्षिक सत्रको)** | **१.५** | | |

| | | | | |
|---|---|---|---|---|
| | क) कुल परीक्षा दिने विद्यार्थी मध्ये ८० % भन्दा बढी Grade point Average (GPA) ३.६ भन्दा बढी प्राप्त गरी उत्तीर्ण हुने । | १.५ | | |
| | ख) कुल परीक्षा दिने विद्यार्थी मध्ये ५०% भन्दा कम Grade point Average (GPA) ३.६ वा सो भन्दा बढी प्राप्त गरी उत्तीर्ण हुने । | १ | | |
| | ग) कुल परीक्षा दिने विद्यार्थी मध्ये ६०% भन्दा बढी Grade point Average (GPA) २.८ देखि ३.६ भन्दा बढी भन्दा बढी प्राप्त गरी उत्तीर्ण हुने । | ०.६ | | |
| ३७ | **उत्तीर्ण प्रतिशत** | २.० | | |
| | क) ९०% भन्दा माथि भएको | २.० | | |
| | ख) ७५% देखि ९०% भन्दा कम भएको | १.४ | | |
| | ग) ७५ % भन्दा कम रहेको | ०.८ | | |

| | | | | |
|---|---|---|---|---|
| ३८ | **शैक्षिक उपलब्धी वृद्धिदर विगत ३ वर्षको अवस्था (माध्यमिक र आधारभूत तहका लागि SEE वा कक्षा ८, आधारभूत ७ सम्म चलेको भए कक्षा ५ र कक्षा ५ भन्दा मुनिका लागि कक्षा ३ को मात्र)** | २.० | | |
| | क) वृद्धि हुने दर ५% भन्दा बढी रहेको | २.० | | |
| | ख) वृद्धि हुने दर २% देखि ५% सम्म रहेको | १.४ | | |
| | ग) अगाडिको वर्षभन्दा सामान्य बृद्धि हुदै गएको | ०.८ | | |
| ३९ | **सूचना तथा सञ्चार सामग्रीको व्यवस्था** | १.५ | | |
| | क) इमेल, इन्टरनेटसहित वेवसाइट तथा नोटिस वोर्डको समेत व्यवस्था भएको | १.५ | | |
| | ख) गोरखापत्र, स्थानीय पत्रिका साप्ताहिक पत्रिका टेलिफोन व्यवस्था भएको | १ | | |
| | ग) भित्तेपत्रिका, रेडियो, टेपरेकर्ड आदिको व्यवस्था गरी सूचना सञ्चार प्रणालीको व्यवस्था भएको | ०.६ | | |
| ४० | **विद्यालय स्थानान्तरण हुने दर (लैंगिक समतासूचक)** | १.५ | | |
| | क) विद्यार्थी संख्यामा लैंगिक समतासूचक १ भएको | १.५ | | |
| | ख) विद्यार्थी संख्यामा लैंगिक समतासूचक ०.९५ भन्दा माथि भएको | १ | | |
| | ग) विद्यार्थी संख्यामा लैंगिक समतासूचक०.९५ भन्दा कम भएको | ०.६ | | |
| ४१ | **सस्कृतिको संरक्षण** | १.५ | | |
| | क) विद्यालयले आफ्नै प्रयासमा विद्यार्थीबाट संस्कृति झल्कने सामग्री निर्माण गरी उचित ढंगले प्र्दशन गरेको भए | १.५ | | |
| | ख) आफ्नै प्रयास र बजार खरीदको समिश्रण गरी प्रदर्शनमा राखिएको भए | १ | | |
| | ग) बजारबाट खरीद गरी प्र्दशनीमा राखेको भए | ०.६ | | |
| ४२ | **सुविधाविहिन विद्यार्थीका लागि विशेष कार्यक्रम** | १.५ | | |
| | क) विद्यालयमा सुविधाविहिन बालबालिकाको शैक्षिक अवसरमा लागि विशेष कार्यक्रम संचालन गरेको भए | १.५ | | |
| | ख) यी समूहका विद्यार्थी भर्ना गर्नमा प्राथमिकता दिने गरेको भए | १ | | |
| | ग) आर्थिक स्तर राम्रो भएकालाई मात्र भर्ना गरेको | ०.६ | | |
| ४३ | **छात्रवासको व्यवस्था** | १.५ | | |
| | क) आवश्यक सुविधासहित छात्र छात्राको लागि अलग अलग छात्रवासको व्यवस्था भई वार्डेन समेत रहने गरेको भए | १.५ | | |
| | ख) छात्र छात्राको लागि अलग अलग छात्रवासको व्यवस्था भई उपयोग भएको भए | १ | | |
| | ग) छात्रावास वा दिवा सत्रको मात्र छात्रावासको व्यवस्था भएको भए | ०.६ | | |
| ४४ | **विद्यालय शिक्षक नियुक्तिमा समावेशिकरण :** | २.० | | |

| | | | | |
|---|---|---|---|---|
| | क) शिक्षक नियुक्ति गर्दा महिला, दलित, आदिवासी, जनजाति, मधेसी तथा पिछडिएको क्षेत्रको कोटा तोकी नियुक्ति गर्ने गरेको भए | २.० | | |
| | ख) विज्ञापन गर्दा यी वर्गहरुलाई विशेष प्राथमिकता दिने भनि दरखास्त आव्हान गरी यी समूहका उम्मेदवारलाई  थप अंक दिई कार्यान्वयन समेत गर्ने गरेको भए | १.४ | | |
| | ग) मौखिक रुपमा प्राथमिकता दिने गरेको भए । | ०.८ | | |
| ४५ | **शिक्षक तालिम :** | २.० | | |
| | क) ९०% भन्दा बढी शिक्षक न्यूनतम योग्यता सहित तालिम समेत प्राप्त गरेको भए । | २.० | | |
| | ख) ७५% देखि ८९% सम्म शिक्षकहरु न्यूनतम योग्यता सहित छोटो अवधिको तालिसमेत प्राप्त गरेको भए । | १.४ | | |
| | ग) ५०% देखि ७४% सम्म शिक्षकहरु न्यूनतम योग्यतासहित तालिसमेत प्राप्त गरेको भए । | ०.८ | | |
| | **समयको परिपालना :** | | | |
| ४६ | **विद्यालय संचालनका लागि समय योजना** | १.५ | | |
| | क) समय तालिकाका साप्ताहिक पूर्व प्रकाशनको साथै प्रयोग अनुगमन, अभिलेख समेत भएको भए | १.५ | | |
| | ख) समय तालिका तयार गरी एक हप्ता पूर्व विद्यार्थी, अभिभावकले देख्ने गरी प्रकाशनमा ल्याईको भए | ०.७५ | | |
| | ग) समय तालिका मात्र तयार पारिएको भए | ०.५० | | |
| ४७ | **शिक्षण तथा व्यवस्थापन कार्यमा प्र.अको सहभागिता** | १.५ | | |
| | क) आधुनिक शिक्षण व्यवस्थापनको भुमिका निर्वाह गर्दै आवश्यकता अनुसार अध्यापन कार्य गर्ने गरेको भए । | १.५ | | |
| | ख) व्यवस्थापनका अतिरिक्त आफ्नो विषयको समेत अध्यापन गरेको भए । | १ | | |
| | ग) व्यवस्थापन कार्यमा मात्र संलग्न हुने गरेको भए । | ०.६ | | |
| ४८ | **व्यवस्थापन समितिको बैठक :** | १.५ | | |
| | क) बैठक नियमित रुपमा दुई महिनाको एक पटक र आवश्यकता अनुसार थप बैठकसमेत बसी विद्यालयको प्रभावकारी व्यवस्थापनका लागि गरिएका निर्णयहरुको प्रभावकारी कार्यान्वयन तथा अनुगमन हुने गरेको भए | १.५ | | |
| | ख) बैठक दुई महिनाको एक पटक बसी विद्यालयको प्रभावकारी व्यवस्थापनमाछलफल हुने गरेको भए | १ | | |
| | ग) बैठक वर्षको ४ पटक हुने गरेको भए | ०.६ | | |
| ४९ | **शिक्षक बैठक :** | १.५ | | |
| | क) शिक्षक बैठक नियमित रुपमा महिनाको २ पटक र आवश्यकता अनुसार थप बैठकसमेत बसी शैक्षिक मुद्दामा गरिएको निर्णयहरुको प्रभावकारी कार्यान्वयन तथा अनुगमन हुने गरेको भए । | १.५ | | |
| | ख) शिक्षक बैठक महिनाको २ पटक बसी शैक्षिक मुद्दामा छलफल हुने गरेको भए । | १ | | |
| | ग) शिक्षक बैठक महिनाको १ पटक हुने गरेको भए । | ०.६ | | |
| ५० | **शैक्षिक व्यवस्थापन सूचना प्रणालीको व्यवस्थापन :** | १.५ | | |
| | क) विद्यालयका सम्पूर्ण शैक्षिक सूचनालाई व्यवस्थित गरी राखी माग गर्ने निकायलाई तोकिएको समयमा दिने गरेको भए । | १.५ | | |
| | ख) सूचना व्यवस्थापन गरी माग गर्ने निकायलाई १० दिनभित्र पठाउने गरेको । | १ | | |
| | ग) सूचना व्यवस्थापन गरी राख्ने मात्र गरेको भए । | ०.६ | | |
| ५१ | **शैक्षिक योजना :** | २.० | | |
| | क) दैनिक पाठयोजना बनाई सोको अभिलेख राखी शैक्षिक सामग्रीसाथ पढाउने गरेको भए । | २.० | | |

| | | | | |
|---|---|---|---|---|
| | ख) एकाई योजना बनाई सो को अभिलेख राखी शिक्षण गर्ने गरेको भए । | १.४ | | |
| | ग) वार्षिक कार्ययोजना मात्र बनाई पढाउने गरेको भए । | ०.८ | | |
| ५२ | पाठ्यपुस्तकको व्यवस्थापन र प्रयोग | २.० | | |
| | क) शैक्षिक सत्र सुरु भएको पहिलो महिनामा नै पाठ्यपुस्तक छनौट/अनुगमन बैठक बसी पाठ्यपुस्तक छनौट गरी तोकिएका पाठ्यपुस्तक पूर्णरुपमा प्रयोग भएको भए | २.० | | |
| | ख) शैक्षिक सत्र सुरु भएको पहिलो महिनामा नै पाठ्यपुस्तक छनौट/अनुगमन बैठक बसी पाठ्यपुस्तक छनौट गरी तोकिएका पाठ्यपुस्तक आंशिक रुपमा प्रयोग भएको भए | १.४ | | |
| | ग) पाठ्यपुस्तक छनौट/अनुगमन बैठक नै बस्ने नगरेको भए | ०.८ | | |

| | | | | |
|---|---|---|---|---|
